नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- २८२

## सूचना

देशका विभिन्न स्थानहरूमा भएको आन्दोलन र सो आन्दोलनको आडमा देशका विभिन्न कारागारहरूमा कैदीबन्दीहरूले सुरक्षा घेरा तोड्ने, फरार हुने गरेपश्चात कारागार कार्यालय, रसुवामा रहेका कैदीबन्दीहरूले समेत जिल्लास्थित सम्पूर्ण सुरक्षा निकायहरूले स्थिति नियन्त्रणमा ल्याउन यथासम्भव प्रयास गर्दागर्दै नाराबाजी/बिरोध गरी तीनवटै सुरक्षा घेरा तोडी रसुवा कारागार अन्तर्गत रहेका ९० जना पुरुष, ७ जना महिला र १ जना शिशु गरी ९८ जना कैदीबन्दी कारागार तोडेर फरार भएकोमा जिल्लाको सबै सुरक्षा संयन्त्रको पहलमा विभिन्न स्थानहरूबाट ७२ जना फरार कैदैबन्दीहरूलाई पक्राउ गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ। साथै, यसरी कानून विपरित फरार भई सुरक्षा नियन्त्रणमा आउन बाँकी कैदीबन्दीहरूलाई सुरक्षाकर्मीले खोजतलास गरी रहेको छ। कानूनी राज्यको अनुपालना र भविष्यको कानूनी जटिलता/जोखिमता समेतलाई मध्यनजर गरी फरार कैदीबन्दीहरूलाई सहज तबरले कारागारमा फर्किन एवम् सुरक्षाकर्मीको सम्पर्कमा आउन अनुरोध छ। यसरी फरार कैदीबन्दीको विषयमा कुनै प्रकारको सूचना प्राप्त भएमा वा कुनै तवरले सम्पर्कमा आएमा नजिकको सुरक्षा निकायमा खबर गरी दिनुहुन समेत अनुरोध छ।

आधिकारिक स्रोत तथा पुष्ट्याईका सूचनाहरूमा मात्र विश्वास गरी सो बमोजिम आ-आफ्नो कार्य सञ्चालन गर्न सम्बन्धित सबैलाई अनुरोध छ। आधिकारिक स्रोत तथा पुष्ट्याई बिनाका गलत, भ्रामक एवम् तथ्यहिन सूचना सम्प्रेषण नगर्न/नगराउन सबैलाई अनुरोध छ र त्यस्तो गरिएको पाईएमा अविलम्ब कानूनी दायरमा ल्याइने व्यहोरा समेत जानकारी गराईन्छ। साथै, स्थानीयबासीहरूले आफ्नो दैनिक जनजीवनलाई सहज बनाउन दैनिक उपभोग्य खाद्य एवम् औषधिजन्य सामग्री खरिद बिक्रीका लागि आज बेलुकी ५:००-७:०० बजेसम्म आवश्यक सुरक्षा सतर्कता अपनाई सिमित संख्यामा निश्चित् कार्यका लागि मात्रै आवतजावत गर्नुहुन अनुरोध छ।

मिति: २०८२।०५।२६ गते

२०८२।०५।२५
(राजेश पन्थी)
प्रमुख जिल्ला अधिकारी